घिरिङ गाउँपालिकाको आ.व २०७७।०७८ मा सञ्चालित कार्यक्रमहरु तथा

सार्वजनिक सेवा प्रवाहको प्रभावकारीता विषयक

# सार्वजनिक सुनवाई कार्यक्रमको

संक्षिप्त प्रतिवेदन

**सहजीकरण तथा प्रतिवेदन लेखन**

**समाज सेवा समुह, फराकचौर**

**व्यास नगरपालिका २, दमौली**

आषाढ, २०७८

## विषयसुची


| | | |
|---|---|---|
| १ | पृष्ठभुमी | १ |
| २. | कार्यक्रम सञ्चालन विधि | १ |
| ३. | कार्यक्रमको संक्षिप्त जानकारी | १ |
| ४. | जवाफदेही वक्ताहरु | २ |
| ५ | सार्वजनिक सुनुवाईको विवरण | २ |
| ६. | कार्यक्रम सञ्चालन | २ |
| ७. | कार्यक्रमका मुख्य सवालहरु | ३ |
| ८. | सार्वजनिक सुनुवाईका सवालजवाफहरु | ६ |
| ९. | गाउँपालिकाको प्रतिवद्धता | ९ |
| १०. | कार्यक्रमका सवल पक्षहरु | ९ |
| ११. | कार्यक्रमको निश्कर्ष तथा सुझाव | ९ |

# कार्यकारी सारांश

तनहुँ जिल्लाको दक्षिण पश्चिम दिशामा रहेको घिरिङ गाउँपालिकालाई तनहुँको कान्छो गाउँपालिकाका रुपमा रहेको छ । भिरालो भुवनोट रहेको यस गाउँपालिका भौतिक पुर्वाधारका दृष्टीवाट कमजोर अवस्थामा रहेकोमा गाउँपालिकाले सञ्चालन गरेको उज्यालो घिरिङको अभियानले करिव ९५ प्रतिशत नागरिकहरुमा विद्घुत सेवा पुगेको छ भने कच्ची सडक संजाल पनि सवै वडाहरुमा पुगेको छ । गाउँपालिकामा सिमित श्रोत साधानका बाबाजुत पनि नागरिकहरुको चाहाना तथा आवश्यकता अनुसार पुर्वाधार निर्माणमा फड्को मार्दै अघि वढिरहेको छ ।

गाउँपालिकाले प्रवाह गर्ने सेवाको बारेमा नागरिकबाट मुल्याङ्कन गराउने तथा सेवा प्रवाहमा थप सुधार ल्याउनको लागि सार्वजनिक सुनुवाइ कार्यक्रम संचालन गरिन्छ । गाउँपालिकाले सञ्चालन गरेका गरेका गतिविधिहरुको बारेमा सुचना माग्ने, पाउने र अवलोकन गर्ने अधिकार सूचनाको हक सम्वन्धि ऐन–२०६४ र नियमावली–२०६५ ले गरेको छ । सुशासन (संचालन तथा ब्यवस्थापक) सम्बन्धि ऐन–२०६४ तथा नियमावली–२०६५ ले पनि हरेक सार्वजनिक निकायले आफूले संचालन गरेका हरेक गतिविधिहरुको बारेमा नागरिकहरुलाई सु–सुचित गराउन सार्वजनिक सुनुवाइ गर्नुपर्ने ब्यवस्था गरेको छ । स्थानीय सरकार संचालन ऐन–२०७४ मा पनि सार्वजनिक सुनुवाई तथा सार्वजनिक परीक्षण गर्ने ब्यवस्था रहेको छ । आफूले प्रवाह गरेको सेवा तथा विकास निर्माणको कार्यहरु सार्वजनिक गर्दै सुधारात्मक पक्षहरुको विषयमा छलफल गर्ने, सेवाग्राही प्रति सेवाप्रदायकलाई जवाफदेहि बनाउने र सेवाग्राहीहरुको गुनासो तथा जिज्ञासाहरुको बारेमा हाकाहाकी प्रश्नोत्तर गराउने उद्देश्यले सार्वजनिक सुनुवाइ संचालन गरिएको थियो ।

गाउँपालिकाले सञ्चालन गरेका गतिविधीहरु आफ्ना नागरिकहरुबाट अनुमोदन गर्दै लैजान पद्धतीले स्थानीय सरकारलाई जवाफदेही र उत्तरदायी वनाउदै लैजाने गर्दछ । आफ्ना गतिविधीहरुमा जवाफदेहिता पारदर्शिता र उत्तरदायित्वले गाउँपालिकाको शुसासनलाई प्रर्वधन गर्दछ र आफ्ना गतिविधीहरुमा उल्लेख्य मात्रामा सुधार गर्दै नागरिकमैत्री कार्यक्रम सञ्चालनमा सहयोग गर्दछ ।

घिरिङ गाउँपालिकालाई स्थानीय नागरिकहरु प्रति जवाफदेही बनाउने र सेवाग्राहीहरुको गुनासो वा जिज्ञासाहरुको बारेमा सवाल जवाफ गराउने, गाउँपालिकावाट तथा वडा कार्यालयहरुको काम कारवाही, सेवा प्रवाह, योजना एवं कार्यक्रम, बजेट जस्ता सार्वजनिक विषयमा सम्बन्धित सेवा प्रदायक र सेवाग्राहीबीच अन्तरक्रिया गराउने तथा जननिर्वाचित प्रतिनिधि तथा विषयगत शाखा प्रमुखहरुलाई नागरिकहरु प्रति जवाफदेहि बनाउने, सार्वजनिक सेवा तथा विकास निर्माणका कार्यहरुमा नागरिकहरुको सहभागीता बृद्धि गर्दै गाउँपालिकाको सेवा प्रवाहका विषयमा सुधार गर्नुपर्ने क्षेत्रमा सुधार गर्दै लैजाने उदेश्यका साथ यस कार्यक्रमको आयोजना गरिएको छ ।

यस सार्वजनिक सुनुवाई कार्यक्रममा कोभिड १९ को संक्रमणका कारण जनस्वास्थ्यका मापदण्डकरु पालन गर्दै सञ्चालन गर्नु पर्ने, प्रतिकुल मौसमका कारण खुला स्थानमा कार्यक्रम सञ्चालन गर्न सम्भव भएन । गाउँपालिकाको साँघुरो हलका कारण अपेक्षाकृत रुपमा वसाई व्यवस्थापनलाई

सहज वनाउन सकिएन तथापी कार्यक्रममा नागरिकको उपस्थिति सुखद नै मान्नु पर्दछ । सवै सहभागीहरु तोकिएको आचार संहितालाई पालन गरी सहज रुपमा कार्यक्रममा सहभागी हुनले कार्यक्रमको गरिमा महत्व र नागरिकको जिम्मेवारीपनलाई उचो बनाएको महशुस सहजकर्ताले गरेका छौं । सवालजवाफ चरण तथा नागरिक अभिमतमा व्यक्त भावना, विचार, दृष्टिकोणले गाउँपालिकाको सेवा प्रवाह सरल, सहज र पारदर्शी भएको देखिन्छ ।

सुशासन प्रवर्धनका लागी जारी गरेका यस्ता सार्वजनिक सुनुवाई, सामाजिक परिक्षण जस्ता औजारहरुले गाउँपालिकाको हरेक क्रियाकलापलाई अझ वढि जिम्मेवार जवाफदेही र पारदर्शी वनाउछ । स्थानीय सरकारका क्रियाकलापहरुमा नागरिकको चासो र सरोकारलाई समयमै व्यवस्थापन गर्न सकिएमा समग्रता सरकारको विश्वसनियता वढदछ । गाउँपालिकाले कार्यविधीको तर्जुमा गरी नियमित रुपमा कार्यक्रम सञ्चालन गर्ने प्रतिवद्धता व्यक्त गरेको छ । जुन निकै सकारात्मक कदम हुनेछ र कार्यक्रममा व्यक्त प्रतिवद्धताहरु पालन गर्दै गाउँपालिका अगाढी वढ्नेछ भन्ने अपेक्षाका साथ आगामी दिनहरुमा पनि कार्यक्रमको निरन्तरताको कामना गर्दछौं

## १. पृष्ठभुमी

सार्वजनिक निकायले दिने सेवाको बारेमा नागरिकबाट मुल्याङ्कन गराउने तथा सेवा प्रवाहमा थप सुधार ल्याउनको लागि सार्वजनिक सुनुवाइ कार्यक्रम संचालन गरिन्छ । नागरिकलाई सार्वजनिक निकायले गरेका गतिविधिहरुको बारेमा सुचना माग्ने, पाउने र अवलोकन गर्ने अधिकार सूचनाको हक सम्वन्धि ऐन–२०६४ र नियमावली–२०६५ ले गरेको छ । सुशासन (संचालन तथा ब्यवस्थापक) सम्बन्धि ऐन–२०६४ तथा नियमावली–२०६५ ले पनि हरेक सार्वजनिक निकायले आफूले संचालन गरेका हरेक गतिविधिहरुको बारेमा नागरिकहरुलाई सु–सुचित गराउन सार्वजनिक सुनुवाइ गर्नुपर्ने ब्यवस्था गरेको छ । स्थानीय सरकार संचालन ऐन–२०७४ मा पनि सार्वजनिक सुनुवाई तथा सार्वजनिक परीक्षण गर्ने ब्यवस्था रहेको छ भने नेपाल सरकारले स्थानीय निकाय सार्वजनिक सुनुवाई सम्बन्धि कार्यविधि–२०६७ तयार गरी कार्यान्वयन गरिरहेको छ । आफूले प्रवाह गरेको सेवा तथा विकास निर्माणको कार्यहरु सार्वजनिक गर्दै सुधारात्मक पक्षहरुको विषयमा छलफल गर्ने, सेवाग्राही प्रति सेवाप्रदायकलाई जवाफदेहि बनाउने र सेवाग्राहीहरुको गुनासो तथा जिज्ञासाहरुको बारेमा हाकाहाकी प्रश्नोत्तर गराउने उद्देश्यले सार्वजनिक सुनुवाइ संचालन गरिएको थियो ।

## २. कार्यक्रमको उद्देश्य

- घिरिङ गाउँपालिकावाट तथा वडा कार्यालयहरुको काम कारवाही, सेवा प्रवाह, योजना एवं कार्यक्रम, बजेट जस्ता सार्वजनिक विषयमा सम्बन्धित सेवा प्रदायक र सेवाग्राहीबीच अन्तरक्रिया गराउने ।
- सेवाग्राही प्रति सेवाप्रदायकलाई जवाफदेही बनाउने र सेवाग्राहीहरुको गुनासो वा जिज्ञासाहरुको बारेमा सवाल जवाफ गराउने ।
- सुशासन ऐन तथा नियमावलीमा व्यवस्था भए बमोजिम सूचनाको हकको प्रत्याभूति गराउने ।
- गाउँपालिकाका जननिर्वाचित प्रतिनिधि तथा विषयगत शाखा प्रमुखहरुलाई नागरिकहरु प्रति जवाफदेहि बनाउने ।
- सार्वजनिक सेवा तथा विकास निर्माणका कार्यहरुमा नागरिकहरुको सहभागीता बृद्धि गर्ने ।
- गाउँपालिकावाट सेवा प्रवाहका विषयमा सुधार गर्नुपर्ने क्षेत्रमा सुधार गर्दै लैजाने ।

## ३. कार्यक्रमको संक्षिप्त जानकारी

**कार्यक्रमको सहजकर्ताः** श्री गोकुल थापा र श्री सन्तोष गोदार ।

**सहजीकरण गर्ने संस्थाः** समाज सेवा समुह फराकचौर, व्यास नगरपालिका २ दमौली ।

**सार्वजनिक सुनुवाईको विषयः** घिरिङ गाउँपालिका द्धारा चालु आ.व २०७७/०७८ को दोस्रो तथा तेश्रो चौमासिक अवधिमा संचालित कार्यक्रमहरु तथा सार्वजनिक सेवा प्रवाहको प्रभावकारीता ।

**कार्यक्रम सन्चालन मितिः** २०७८|०३|२१ गते सोमवार ।

**कार्यक्रम सन्चालन स्थानः** घिरिङ गाउँपालिकाको कार्यालय, पोखरीछाप, घिरिङ ।

**समयः** दिनको १२.१५ वजेदेखि ४.३० बजेसम्म (४ घण्टा १५ मिनेट)

**४. जवाफदेही वक्ताहरु**

- गाउँपालिकाका अध्यक्ष श्री रन वहादुर राना
- गाउँपालिकाका उपाध्यक्ष श्री सरस्वती घिमिरे, सिग्देल
- गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत श्री रमेश सुवेदी
- वडा नं १ का अध्यक्ष श्री गगांराम कुमाल
- वडा नं ३ का अध्यक्ष श्री रण वहादुर गुरुङ
- वडा नं ५ का अध्यक्ष श्री प्रेम वहादुर थापा
- कार्यपालिका सदस्य श्री कृष्ण माया नेपाली

**शाखा प्रमुखहरु**

- आर्थिक प्रशासन शाखा प्रमुख श्री अर्जुन वराल
- शिक्षा शाखा प्रमुख श्री निर्मला कुवँर
- स्वास्थ्य शाखा प्रमुख श्री कृष्ण प्रसाद रिमाल
- प्राविधिक शाखा प्रमुख श्री विदुर मरहट्टा
- कृषि शाखा श्री समिक्षा ढकाल
- प्रशासन शाखा प्रमुख श्री ध्रुव प्रसाद लामिछाने

**५. सार्वजनिक सुनुवाईको उपस्थिति विवरण**

**महिलः** १० जना, **पुरुषः** ३५ जना, **जम्माः** ४५ जना



**६. कार्यक्रम संचालन प्रक्रिया**

**(क) समन्वयात्मक बैठक**

चालु आ.व २०७५/०७६ को दोस्रो तथा तेश्रो चौमासिक अवधिसम्म संचालित कार्यक्रमहरु तथा सार्वजनिक सेवा प्रवाहको प्रभावकारीताको लागि गाउँपालिका गरेको निर्णय अनुसार गाउँपालिकाका अध्यक्ष, उपाध्यक्ष, प्रमुख प्रशासकीय अधिकृत, लेखा शाखा तथा प्रशासन शाखा लगायतसँग समन्वयात्मक छलफल गरि सार्वजनिक सुनुवाईको मिति र स्थान तय गरियो । सुचना, सम्पर्क तथा आवश्यक समन्वय गर्ने जिम्मेवारी गाउँपालिकाको प्रशासन शाखालाई प्रदान गरियो ।

नागरिकहरुको सुचनाको हकलाई वढाउदै कार्यक्रममा सक्रिय सहभागिताका लागि वडा कार्यालयहरुमा सुचना टाँसका अतिरिक्त सेतीमादी राष्ट्रिय दैनिकका अंङ्क सुचना समेत प्रकाशन गरिएको थियो ।

**(ख) बहिर्गमन अभिमत संचालन**

सार्वजनिक सुनुवाई संचालनको क्रममा नागरिकहरुबाट अभिमत लिन बहिर्गमन अभिमत वा नागरिक प्रतिवेदन पत्र अनिवार्य संचालन गर्नुपर्ने व्यवस्था बमोजिम १६ जना नागरिकको आफ्नो मत जाहेर गरेका थिए ।

**(ग) कार्यक्रम सञ्चालन**

सार्वजनिक सुनुवाई कार्यक्रमको सञ्चालन सहजीकरण संस्था समाज सेवा समुह फराकचौरका श्री गोकुल थापा र श्री सन्तोष गोदारले गर्नु भएको थियो । कार्यक्रममा गाउँपालिकाका प्रमुख श्री रन वहादुर गुरुङ प्रमुख अतिथी गाउँपालिकाका उपाध्यक्ष श्री सरस्वती घिमिरे सिग्देल विशिष्ठ अतिथिका रुपमा रहनु भएको थियो । प्रमुख प्रशासकिय अधिकृत श्री रमेश सुवेदीको अध्यक्षतामा सञ्चालित कार्यक्रममा कार्यक्रम सञ्चालक श्री गोकुल थापाले सहभागीलाई स्वागत गर्दै कार्यक्रमको आचार संहिता प्रस्तुत गर्नु भएको थियो । आर्थिक प्रशासन शाखाका प्रमुख श्री अर्जुन वराल ले चालु आ. व. २०७७।०७८ मा भएको आम्दानी खर्चको फाँटवारी प्रस्तुत गर्नु भएको थियो ।

कार्यक्रमको शुरुवातीमा कार्यक्रमका सहजकर्ताले गाउँपालिकाका अध्यक्षज्यूलाई आफ्नो ४ वर्षे कार्यकालको कुनै २ उत्कृष्ट कार्यहरु वताउन हुन्छ कि भन्ने जिज्ञासा राखेका थिए जवाफमा गाउँपालिकाका अध्यक्षले करिव ९५ प्रतिशत घरमा विजुलीको पहुँच पुगेको र शिक्षाको क्षेत्रमा उल्लेख्य लगानी साथै सडक पुर्वाधारको स्तरउन्तती भएको जानकारी गराउनु भएको थियो ।

यसै गरी प्रमुख प्रशासकिय अधिकृत समक्ष कार्यक्रमका सहजकर्ताले प्रशासनिक कार्यमा कार्यलयमा भएको उल्लेख्य सुधारका वारेमा जिज्ञासा राख्दा नीतिगत तहमा सुधार कार्यालयको भौतिक पक्ष, योजनाको अनुगमन निरिक्षण तथा कार्यलयमा अभिलेखीकरणमा उल्लेख्य सुधार भएको जानकारी गराउनु भएको थियो । बहिर्गमन फाराममा व्यक्त नागरिक अभिमतको विश्लेशणात्मक प्रतिवेदन सहजकर्ता श्री सन्तोष गोदारले प्रस्तुत गर्नु भएको थियो । गाउँपालिकाका उपाध्यक्षज्यूले

कार्यक्रममा उपस्थित नागरिकहरुलाई धन्यवाद सहित गाउँपालिकाले महिला, बालबालिका दलित तथा अन्य समुह लक्षित वजेटका वारेमा जानकारी गराउनुका भएको थियो ।

**७) कार्यक्रममा भएका मुख्य मुख्य सवाल जवाफहरु**

सार्वजनिक सुनुवाइमा मुख्य रुपमा आएका प्रश्नहरु र तिनका उत्तरहरु निम्नाअनुसार रहेका छन्

| सि.न. | सेवाको नाम | मुल्याँकन | | |
|---|---|---|---|---|
| | | स्पष्ट | ठिकै | अस्पष्ट |
| १ | सेवा लिँदा को सँग सम्पर्क गर्ने भन्नेमा तपाईलाई स्पष्ट जानकारी छ ? | १२ | ४ | |
| २ | सेवाप्रदायक कर्मचारीले तपाईको आवश्यकता र अपेक्षा कति बुझे जस्तो लाग्यो ? | धेरै | ठिकै | थोरै |
| | | ३ | १२ | १ |
| ३ | तपाई प्रति सेवाप्रदायक कर्मचारीले कस्तो व्यवहार लाग्यो ? | राम्रो | ठिकै | नराम्रो |
| | | १२ | ३ | १ |
| ४ | सेवा प्राप्त गर्न आवश्यक सूचनाहरु बारे तपाईलाई कर्मचारीवाट सहयोग भयो ? | भयो | भएन | थोरै |
| | | १० | १ | ५ |
| ५ | सेवा प्राप्त गर्न अपनाइएको प्रक्रिया के कस्तो लाग्यो ? | सजिलो | ठीकै | लामो |
| | | ११ | ४ | १ |

नागरिकहरुवाट प्राप्त अभिमतको विश्लेशणका आधारमा गाउँपालिकावाट प्रवाह गरिएको सेवामा नागरिकहरु औसदभन्दा वढि सन्तुष्ट भएको देखिन्छ । ग्रामिण भुपरिवेश रहेको तथा नागरिकहरुको शिक्षा तथा चेतनाको स्तर पनि कमजोर भएका कारणवाट सेवा प्रवाहलाई अपेक्षाकृत रुपमा प्रविधिमैत्री वनाउन नसकिए पनि गाउँपालिका प्रति नागरिकहरुको विश्वास उच्च स्तरको देखिन्छ ।

सेवाको प्रकारअनुसार नागरिकहरुवाट प्राप्त अभिमतको समस्टिगत स्वरुप निम्नानुसार रहेको छ ।

कृपया, आफुलाई उत्तम लागेको कुनै एक विकल्पमा संकेत गर्नुहोला ।

| सि.न. | सेवाको प्रकार | प्रश्न | उत्तर ( मुल्याँकन) | | |
|---|---|---|---|---|---|
| | | | सन्तुष्ट | ठिकै | असन्तुष्ट |
| १ | सेवाको सन्तुष्टी | तपाईले यस कार्यालयवाट समग्रमा कत्तिको सन्तुष्टी पाउनु भयो ? | ९ | ७ | ० |
| | | सेवा लिनजादा कर्मचारीको व्यवहार प्रति तपाई कत्तिको सन्तुष्ट हुनुहुन्छ ? | १० | ५ | १ |
| २ | सेवाको नियमितता | नागरिक वडापत्रमा उल्लेख भए अनुसार तपाईले प्राप्त गर्नुपर्ने सेवामा लागेको समय प्रति कत्तिको सन्तुष्ट हुनुहुन्छ ? | छ | छैन | ठिकै |
| | | | ८ | ६ | ० |
| | | कार्यालय नियमित रुपमा सञ्चालन भएको छ भन्ने कुरामा कत्तिको विश्वस्त हुनुहुन्छ ? | १२ | ४ | ० |
| | | तपाईले कार्यालयमा सेवा लिन जादा अतिरिक्त रकम | दिए | थाह छैन | छैन |

| सि.न. | सेवाको प्रकार | प्रश्न | उत्तर ( मुल्यॉंकन) | | |
|---|---|---|---|---|---|
| | | | सन्तुष्ट | ठिकै | असन्तुष्ट |
| | | दिनु भयो ? | ० | २ | १४ |
| | | यस कार्यालयको सार्वजनिक चासो तथा समस्या समधान गर्न औसत कति दिन लगाउने गरेको छ ? | १ दिन | २ दिन | धेरै दिन |
| | | | ४ | ६ | ६ |
| ३ | सेवाप्रतिको जनविश्वास | यस कार्यालयले दिने सेवा प्रति तपाई कत्तिको विश्वस्त हुनुहुन्छ ? | विश्वस्त | ठिकै | अविश्वस्त |
| | | | ९ | ७ | ० |
| | | कार्यालयको सेवा प्रवाहका वारेमा अरुलाई जानकारी गरी प्रचार गर्नु भएको छ ? | धेरै | ठिकै | छैन |
| | | | ९ | ६ | १ |
| | | यस कार्यालयका कर्मचारीहरु प्रति तपाईको विश्वास कत्तिको छ ? | धेरै | ठिकै | छैन |
| | | | ८ | ८ | ० |
| | | यस कार्यालयमा विपन्न वर्गका लागि वजेट विनियोजन भएको थाह पाउनु भएको छ ? | छ | छैन | अलिअलि |
| | | | ८ | ३ | ५ |
| ४ | सेवा सम्वन्धी जानकारी | यस कार्यालयले सेवा लिदा कार्यालयले दिएको जानकारीवाट कत्तिको सन्तुष्ट हुनुहुन्छ ? | सन्तुष्ट | ठिकै | असन्तुष्ट |
| | | | १५ | | १ |
| | | यस कार्यालयमा आउदा कसरको सहयोग लिनु भयो ? | आफै | घर परिवार | मध्यस्तकर्ता |
| | | | १० | १ | ५ |
| | | यस कार्यालयमा तपाईले एउटा कामको लागि कतिपटक धाउनु भयो ? | १ पटक | २ पटक | धेरै |
| | | | ६ | ७ | ३ |
| ५ | भौतिक पुर्वाधारको अवस्था | यस कार्यालयको भौतिक अवस्था कस्तो लाग्यो ? | राम्रो | ठिकै | नराम्रो |
| | | | ४ | १२ | ० |
| | | यस कार्यालयमा भएको नागरिक वडापत्र वारे तपाईलाई जानकारी छ ? | छ | आंशिक | छैन |
| | | | ८ | ५ | ३ |
| | | कार्यालय र सेवाग्राही विचको सम्वन्ध कस्तो छ ? | राम्रो | ठिकै | नराम्रो |
| | | | ८ | ७ | १ |
| ६ | नागरिक वडापत्र | तपाईको विचारमा सेवाग्राहीले नागरिक वडापत्रको उपयोग कुन हद सम्म गरेका छन् ? | धेरै | ठिकै | कम |
| | | | ४ | ५ | ७ |
| | | तपाईको विचारमा सेवादायकले नागरिक वडापत्र अनुरुप कति हद सम्म सेवा प्रदान गरेजस्तो लाग्छ ? | धेरै | ठिकै | छैन |
| | | | ४ | २ | १० |
| | | तपाईको विचारमा उजुरी पेटिकाको उपयोग कुन हद सम्म भएको छ ? | धेरै | ठिकै | छैन |
| | | | ७ | ४ | ५ |
| | | नागरिक वडापत्रमा केही सुधार आवश्यक छ ? | छ | छैन | थाह छैन |
| | | | १ | ५ | ८ |

८) सार्वजनिक सुनुवाई कार्यक्रममा तपशिल वमोजिम सवाल जवाफ भएको थियो ।

| सि.न. | प्रश्नकर्ताको नाम ठेगना | सहभागीको सवाल वा गुनासो | जवाफ दिने अधिकारी | जवाफको संक्षिप्त व्यहोरा |
|---|---|---|---|---|
| १ | श्री लक्ष्मी माया बास्तकोटी, वडा नं. ३ नेपाल महिला संघ । | घिरिङ्ग गा.पा. मा कृषि कर्मचारीलाई भेट्न सकिदैन किन? जुकाको औषधी पाउन पनि सकिएन । | श्री रमेश सुवेदी प्रमुख प्रशासकीय अधिकृत | कोभिड तथा कर्मचारी समयोजनको ढिलाईले समस्या भएको, कर्मचारी नियुक्ती प्रक्रिया शुरु भएकोले । |
| २ | श्री यम वहादुर थापा, ने. का. पाटी सचिव वडा नं. ३ | गा.पा.को प्रतिपक्षसंगको सम्वन्ध कस्तो हुनुपर्ने हो? पुजिगत खर्च किन कम भयो ? | श्री रन बहादुर राना अध्यक्ष घिरिङ्ग गा. पा. | स्थानीय सरकारमा सवै सत्तापक्ष हुने, समस्या भए वसेर छलफल गर्न सकिने र गा.प. को सवैसँग को सम्वन्ध प्रचलित नीति नियम अनुसार हुनेछ ।<br>कोरोनाको कारणले वजेट खर्च हुन नसकेको । |
| ३ | श्री समर रानाभाट, वडा नं. ५ | सवै वडाहरुमा वाटोको व्यवस्थापन कहिले सम्म हुने ? वडा नं. १ र ४ का वासिन्दाहरुलाई प्रशासनिक काममा अपायक भएको । | श्री रन बहादुर राना अध्यक्ष र श्री रमेश सुवेदी प्रमुख प्रशासकीय अधिकृत | सडकको स्तर विभाजन गरिएकोले सोही अनुसार सडक मापदण्ड कायम गरिएको । प्रशासनिक सहजताका लागि सेवा केन्द्र सञ्चालनको विषयमा पनि छलफल हुदै गरेको । |
| ४ | श्री चन्द्र व थापा | योजना निर्माणमा वाड अध्यक्षको भुमिका कस्तो रहन्छ ? | श्री रन बहादुर राना अध्यक्ष | सवैको भुमिका ऐनमा उल्लेख भए अनुसार हुने, विषयगत समितिको सिफारिस अनुसार कार्यपालिकाले गाँउसभामा योजनाहरुको स्वीकृतीका लागि पेश हुन्छ |
| ५ | श्री दल सिं थापा, प्र अ राष्ट्रिय मा. वि. - २ । | न्यून दरवन्दीका कारण विद्यालय सञ्चालनमा कठिनाई साथै विद्यालयलाई क्षेत्रलाई किन कम रकम विनियोजन? | श्री निर्मला कुवंर शिक्षा शाखा । | विद्यालयमा विद्यार्थी संख्या अनुसार दरवन्दी व्यवस्थापन गरिएको । गाउँपालिकाको न्यून आन्तरिक आयका कारण तोकिए भन्दा अन्य क्षेत्रमा वजेट व्यवस्थापनमा चुनौती रहेको । |
| ६ | श्री अन्जन परियार, पत्रकार । | संघीय सरकारवाट थप वजेट माग हुन सकेन ? दलित लक्षित | श्री सरस्वती घिमिरे सिग्देल उपाध्यक्ष । | थप वजेटका लागी संघीय तथा प्रदेश सरकारसँग माग गरिएको, दलित लक्षित कार्यक्रममा केही गुनासो |

| सि.न. | प्रश्नकर्ताको नाम ठेगना | सहभागीको सवाल वा गुनासो | जवाफ दिने अधिकारी | जवाफको संक्षिप्त व्यहोरा |
|---|---|---|---|---|
| | | कार्यक्रमहरु उपलव्धी मुलक भएनन् ? जातिय भेदभाव कहिले अन्त्य हुन्छ ? | | सुनिएकोले यसको समधानमा लाग्छु । जातिय भेदभावको अन्त्य गर्नुपर्ने भए पनि कार्यक्रमहरु सञ्चालन गरिएको र सवैको सहयोगमा छिट्टै अन्त्य गरिने । |
| ७ | श्री चुन नारायण श्रेष्ठ, सभापति नेपाली काँग्रेस गाउँ कार्य समिति । | कृषि सामाग्री पक्षपत किन? वढि मुल्यमा खरिद गरिएको गुनासो सुनिएको तथा हाते ट्याक्टर उचित प्रयोग भयो कि भएन निगरानी कसले गर्ने हो ? | कृषि शाखा प्रमुख | कृषकहरुको निवेदनको आधारमा वितरण गरिएको, कृषी उपकरण नियमानुसार कोटेशन माग गरी खरिद भएको हाते ट्याक्टरको विषयमा सम्वन्धित कृषकहरुको भौतिक रुपमा निरिक्षण गरिने छ । |
| ८ | श्री इन्द्र थापा, सचिव नेकपा एमाले गाँउ कमिटी । | कलिगण्डकी डइभरर्सनले राष्ट्रिय चर्च पाएको छ, यस परियोजनाले यो क्षेत्रलाई मरुभुमी वनाउने निश्चित छ यसको रोकथाम कसरी गर्नुहुन्छ ? | रन बहादुर राना अध्यक्ष | यो योजना हाम्रो हित विपरित छ यसको लागि समुहिक विरोध गर्नुपर्छ । दवाव सिर्जना गर्न हामी प्रतिवद्ध छौं गाउँपालिकावासीको साथ र सहयोगको अपेक्षा गर्दछौं । |
| ९ | श्री चन्द्र थापा, सञ्चालक निजी विद्यालय । | निजी र संस्थागत विदयालय विच विभेद किन? सुचना समन्वयमा विभेद किन ? | श्री निर्मला कुवँर शिक्षा शाखा | नियतवश भेदभाव नगरिएको, केही हुन गएको भए आगामी दिनमा सुधार गरिने प्रस्तावित शिक्षा नियमावलिमा निजी विद्यालयको तर्फवाट एक प्रतिनिधि अनिवार्य गएिको । |
| १० | श्री रन वहादुर गुरुङ्ग | कोभिड नियान्त्रणको लागि ८० लाख रुपैयाँले के कस्ता समाग्री कसरी र कुन विधीबाट गरियो ? | श्री कृष्ण प्रसाद रिमाल, स्वास्थ्य शाखा । | नेपाल सरकारको प्रचलित सार्वजनिक खरिद ऐन अनुसार सामाग्री खरिद भएको । स्वास्थ्य सामाग्री १५ लाख, गाडी भाडा ९ लाख, क्वारेन्टाईन १७ लाख, पारिश्रमिक ४ लाख, जि.पी कोईराला दुलेगौडामा ६ लाख ५० हजार लगायत क्षेत्रमा खर्च भएको । |

| सि.न. | प्रश्नकर्ताको नाम ठेगना | सहभागीको सवाल वा गुनासो | जवाफ दिने अधिकारी | जवाफको संक्षिप्त व्यहोरा |
|---|---|---|---|---|
| ११ | श्री सुमन थापा | घिरिङ गाउँपालिकाको युवा लक्षित सोच कस्ता छन् ? सरकारको अनुभव र अनुभुती कहिले ? Smart city को परिकल्पना गर्नु पर्ने वेला कागतीका रुख वितरणमा झगडा उपयुक्त भएन । कोभिडको तेश्रो लहरको योजना केही छ कि ? | रन बहादुर राना, गाउँपालिका अध्यक्ष | युवालाई सिप प्रविधी हस्तान्तरणका लागी क्षमता अभिवृदी तालिम कार्यक्रम सञ्चालन गरिएको, गाउँपालिकालले उज्यालो घिरिङको अभियानका साथ करिव ९५ प्रतिशत घरमा विजुली पुगेको । श्रोत साधनका अभावका कारण गुरु योजना निर्माण गरी ठुला योजना सञ्चालन गर्न नसकिएको । कोभिडको तेश्रो लहरको वारेमा हाल सम्म साविककै स्वास्थ्य सावधानी भौतिक दुरी कायम गर्ने नै रहेको छ सरकारवाट खोप प्राप्त भएमा गाउँपालिकाले तुरुन्त वितरण गर्ने योजना रहेको छ । |

**९) गाउँपालिकाको प्रतिवद्धताः**

- ✓ गाउँपालिकावाट प्रवाह गरिएको सेवाहरुलाई अझ जवाफदेहिता, जिम्मेवारी र उत्तरदायी वनाउने तथा नागरिकका सवालहरुलाई आगामी दिनमा पुनरावृती हुन नदिने ।
- ✓ गाउँपालिकावाट सञ्चालित योजना योजनाहरुको अनुगमन तथा निरिक्षण प्रक्रियालाई प्रभावकारी वनाउने ।
- ✓ गाउँपालिकाको सार्वजिनक खरिद प्रक्रियालाई पारदर्शी वनाउने ।
- ✓ सार्वजनिक सुनुवाई र सामाजिक परीक्षणलाई नियमित रुपमासञ्चालन गर्ने ।

**१०) कार्यक्रमको सवल पक्षहरु**

- ✓ प्रचार प्रसारका लागी गाउँपालिकाको वेभ साईट, वडा कार्यालय तथा राष्ट्रिय पत्रिकामा समेत सुचना प्रकाशन गरिएको ।
- ✓ नागरिकहरुको अभिमत संकलनका लागी नागरिक अभिमत संकलन गरिएको ।
- ✓ गाउँपालिकाका अध्यक्ष, उपाध्यक्ष लगायत अधिकाश जनप्रतिनिधी, प्रमुख प्रशासकिय अधिकृत लगायत शाखा प्रमुखहरुको कार्यक्रमा उपस्थिति रहेको ।
- ✓ चालु आ. व. को दोश्रो तथा तेश्रो चौमार्सिक बित्तीय प्रगती प्रस्तुत गरिएको ।
- ✓ सवालजवाफ निकै सभ्य मर्यादित तथा अनुशासित ढगंवाट सम्पन्न भएको ।
- ✓ सेवा प्रदायकवाट भएका कमिकमजोरीहरुलाई सुधार गरेर अगाढी वढ्ने प्रतिवद्धता व्यक्त गरिएको ।

**११) कार्यक्रमको निश्कर्ष तथा सुझावः**

प्रतिकुल मौसम तथा कोभिड संक्रमणका कारण खुला स्थानमा कार्यक्रम सञ्चालन गर्न सम्भव भएन । गाउँपालिकाको पुरानो साँघुरो हलका कारण अपेक्षाकृत रुपमा वसाई व्यवस्थापनलाई सहज वनाउन सकिएन तथापी कार्यक्रममा नागरिकको उपस्थिति सुखद नै मान्नु पर्दछ । सवै सहभागीहरु तोकिएको आचार संहितालाई पालन गरी सहज रुपमा कार्यक्रममा सहभागी हुनले कार्यक्रमको गरिमा महत्व र नागरिकको जिम्मेवारीपनलाई उचो बनाएको महशुस सहजकर्ताले गरेका छौं । सवालजवाफ चरण तथा नागरिक अभिमतमा व्यक्त भावना, विचार, दृष्टिकोणले गाउँपालिकाको सेवा प्रवाह सरल, सहज र पारदर्शी  भएको देखिन्छ ।

नेपाल सरकारले सुशासन प्रवर्धनका लागी जारी गरेका यस्ता सार्वजनिक सुनुवाई, सामाजिक परिक्षण जस्ता औजारको प्रयोगले गाउँपालिकाको क्रियाकलापलाई अझ वढि जिम्मेवार जवाफदेही र पारदर्शी वनाउछ । स्थानीय सरकारका क्रियाकलापहरुमा नागरिकको चासो र सरोकारलाई समयमै व्यवस्थापन गर्न सकिएमा समग्रता सरकारको विश्वसनियता वढदछ ।

१. ब्यानर पढेर कार्यक्रमको समुद्घाटन गर्दै गाउँपालिकाका अध्यक्ष




२. नागरिकका जिज्ञासा मेटाउदै गाँउपालिकाका उपाध्यक्ष ।



३. गुनासो व्यक्त गर्दै सेवाग्राही



४. गाउँपालिकाको सेवा प्रवाहमा आफ्नो जिज्ञासा राख्दै सेवाग्राही



५. चालु आ. व. को आर्थिक विवरण प्रस्तुत गर्दै लेखाअधिकृत




६. नागरिकका सवालहरुको जवाफ दिनुहुदै प्रमुख प्रशासकिय अधिकृत



८. नागरिकको गुनासोलाई सम्वोधन गर्दै गाउँपालिकाका अध्यक्ष




९. कार्यक्रममा शुभकामना मन्तव्य व्यक्त गर्दै साविक गा. वि. स. अध्यक्षज्यू



आज मिति २०७८ असाढ २१ गते सोमवारका दिन घिरिङ गाँउपालिकाका अध्यक्ष श्री रण वहादुर रानाज्यूको प्रमुख आथित्यतामा घिरिङ गाँउपालिकाको सार्वजनिक सुनुवाई कार्यक्रम तपशिल वमोजिमको उपस्थितिमा सम्पन्न गरियो ।

**उपस्थिति**

| सि.न | सहभागितको नाम थर | पद/ठेगना | हस्ताक्षर | सम्पर्क न |
|---|---|---|---|---|
| १ | श्री रण वहादुर राना | अध्यक्ष | | ९८५६६०६२०५८ |
| २ | श्री सरस्वती घिमिरे सिग्देल | उपाध्यक्ष | | |
| ३ | श्री रमेश सुवेदी | प्र. प्र. अ. | | |
| ४ | रणबहादुर गुरुङ | [illegible] अध्यक्ष | | |
| ५ | दिप बहादुर थापा | अध्यक्ष [illegible] | | ९८५६५४८४८ |
| ६ | [illegible] | [illegible] | | 98455[illegible]310 |
| ७ | धुवराज लामिछाने | कार्यालय | | ९८५६०६९६ |
| ८ | सुमन कुमार श्रेष्ठ | गा.पा. [illegible] | | 9817108597 |
| ९ | इन्दु थापा | अध्यक्ष [illegible] | | 9846046304 |
| १० | दिल बहादुर राना | [illegible] | | ९८५६०४३५०० |
| ११ | याम ब. थापा | घिरिङ गा.पा.-२ | | 984600010 |
| १२ | चन्द्र थापा | घिरिङ गा.पा.-२ | | 9846091146 |
| १३ | सन्तोष खिउदेल | [illegible] | | ९८४६६०९९३ |
| १४ | रामकला सिंजाली | रोजगार संयोजक | | 9817260590 |
| १५ | राहुल श्रेष्ठ | [illegible] प्रशासन | | ९८०६५६९९५४ |
| १६ | धनकुमारी नेपाली | सदस्य वाडॅ ४ | | ९८१९११६०८४ |
| १७ | धनकुमारी राना मगर | गाउँपालिका सदस्य | | ९८०५८३५८६० |
| १८ | पार्वती वि.क. | कार्यपालिका सदस्य | | ९८६०४५४८३ |
| १९ | कृष्णा मल्ल नेपाली | कार्यपालिका सदस्य | | ९८१५९५६९०२ |
| २० | कुसमा बेलवासे | स.म.वि.नि | | ९८६६२००६३ |
| २१ | समिक्षा ढकाल | प्रा.स. कृषि शाखा | | ९८६७४४०५२ |
| २२ | भैरव नारायण श्रेष्ठ | वडाध्यक्ष घिरिङ २ | | 9846605583 |
| २३ | दल बहादुर थापा प्र.अ | एकिकृत मा. वि. | | ९८६५५९०२९६ |
| २४ | जुन नारायण श्रेष्ठ | ने.का. सहसभापति | | ९८५६०५६३० |
| २५ | गंगा राम ढकाल | वडा अध्यक्ष-१ | | ९८५११२५२७ |
| २६ | किशोर वास्तोला | प्रा.स. शिक्षा शाखा | | ९८५६६०४५३ |

| | | | | |
|---|---|---|---|---|
| २७ | श्याम बहादुर राना | वडा नं. ९ सदस्य | | 9819481242 |
| २८ | सुमन थापा | वडा नं. ४ | | 9856060208 |
| २९ | [illegible] ठकुरी | वडा नं. ३ | | 9808738546 |
| ३० | शान्ति ठकुरी | वडा नं. ३ | | 981612547 |
| ३१ | Bishnu Prasad Pokhrel | 1 | | 9845207186 |
| ३२ | Surya prasad pawdel | officer | | 9846640980 |
| ३३ | Anjan pariyar | Journalist | | 9808392204 |
| ३४ | | | | |
| ३५ | जित बहादुर थापा | ड्राइभर - ४ | | ९८०६६४९०२३ |
| ३६ | अर्जुन बराल | लेखा अधिकृत | | ९८५६०५३९२८ |
| ३७ | विदुर भट्टराई | सब. ई. | | ९८४६०९६००५ |
| ३८ | कृष्ण प्रसाद रिमाल | [illegible] | | ९८५४०६२९१४ |
| ३९ | प्रेम बहादुर थापा | चन्द्रज्योति मा.वि. प्र.अ. | | ९८५६०३९३५६ |
| ४० | शेर बहादुर थापा | " " अध्यक्ष | | ९८१४१५४०४५ |
| ४१ | निर्मला कुँवर | शिक्षा अधिकृत | | ९८४६०४३६००२ |
| ४२ | भैरव बहादुर आले | वडा नं.३ पोखरीकोट | | ९८२४९०९३६० |
| ४३ | समर रानामगर | पत्रकार | | 9846215486 |
| ४४ | सन्तोष पोद्दार | सहकर्मी | | ९८४९६६५००९ |
| ४५ | गोकुल थापा | " | | 9846091294 |
| ४६ | | | | |
| ४७ | | | | |
| ४८ | | | | |
| ४९ | | | | |
| ५० | | | | |
| ५१ | | | | |
| ५२ | | | | |
| ५३ | | | | |
| ५४ | | | | |
| ५५ | | | | |
| ५६ | | | | |
| ५७ | | | | |
| ५८ | | | | |